# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


इ.प्रा. परिपत्र संख्या : ०४/२०७९-८०

मितिः २०७९/०४/३०

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु ।
श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु र इजाजतपत्रप्राप्त निकायहरु ।

विषय : एकीकृत परिपत्र-२०७८ मा संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७८ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थः**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, गैर बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
९) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१०) श्री नेपाल उद्योग परिसंघ ।
११) श्री नेपाल चेम्बर अफ कमर्स ।
१२) श्री नेपाल बैंकर्स संघ ।
१३) श्री नेपाल मुद्रा विप्रेषक संघ ।

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७८ मा संशोधन तथा थप व्यवस्था सम्बन्धमा ।

| क्र.सं. | दफा | विद्यमान व्यवस्था | संशोधन तथा थप व्यवस्था |
|---|---|---|---|
| १ | एकीकृत इ.प्रा. परिपत्र :०१/२०७८ मा दफा १.१९ थप | *हाल नभएको ।* | आयात तथा निर्यात व्यापारको माध्यमबाट हुन सक्ने सम्पत्ति शुद्धीकरण (Trade Based Money Laundering) को कार्यलाई निरुत्साहन तथा नियन्त्रणमा सघाउ पुग्ने गरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आवश्यक कार्यविधि तथा आन्तरिक संरचना बनाई वस्तुको अन्तर्राष्ट्रिय बजार मूल्य र Proforma Invoice/Document मा उल्लिखित मूल्यबीच तुलनात्मक विश्लेषण समेत गरी यथार्थपरक देखिएमा सटही सुविधा (ड्राफ्ट/टी.टी. जारी गर्ने, प्रतीतपत्र खोल्ने, D.A.A., D.A.P. आदि) उपलब्ध गराउनु पर्नेछ वा Document Handling गर्नु पर्नेछ । |
| २ | एकीकृत इ.प्रा. परिपत्र :१९/२०७८ को दफा २ मा बुँदा नं. (छ) थप | *हाल नभएको ।* | यस बैंकको स्वीकृतिमा एक वर्ष वा सोभन्दा बढी अवधिको विदेशी ऋण भित्र्याएका "क" वर्गका बैंकलाई विदेशी विनिमय जोखिम हेजिङ गर्ने प्रयोजनको लागि उक्त ऋणको वक्यौता साँवा तथा ब्याज बराबर हुने रकम सम्मको र ऋणको अवधिसम्मको डेरिभेटिभ्स (Proprietary Forward) को खरिद कारोबार गर्न बुँदा नं. (ग) र (घ) मा उल्लिखित सीमा लागू हुने छैन । |
| ३ | एकीकृत इ.प्रा. परिपत्र :२४/२०७८ को दफा ८ | विभिन्न परामर्श सेवा प्रदान गर्ने नेपाली कम्पनीहरू तथा विदेशी परामर्श सेवा कम्पनीका नेपाल स्थित सहायक कम्पनीहरूले विदेशबाट प्राप्त गर्ने कमिशन, शुल्क र अन्य रकम विप्रेषण कम्पनी मार्फत सम्बन्धित कम्पनीको खातामा जम्मा गर्ने गरी एकपटक वा पटक पटक गरी दैनिक रु. १० लाख सम्मको विप्रेषण रकम ल्याउन पाउने छन् । यसरी रेमिट्यान्स कम्पनीहरूले रकम संकलन र भुक्तानी गर्दा प्रचलित व्यवस्था बमोजिम ग्राहक पहिचानका कागजातहरू लिएको हुनु पर्नेछ । | नेपाली/विदेशी नागरिक वा नेपालमा दर्ता भएका फर्म/कम्पनी/संस्था/शाखा कार्यालयले बिक्री, कमिशन, शुल्क, पारिश्रमिक लगायत विभिन्न प्रयोजनका लागि फिर्ता (Repatriation) नहुने गरी विदेश (नागरिक वा फर्म/कम्पनी/संस्था) बाट प्राप्त हुने रकम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनी मार्फत् सम्बन्धित वेनेफिसियरीको खातामा जम्मा गर्ने गरी दैनिक रु. १५ लाख सम्म (एकपटक वा पटक पटक) को विप्रेषण रकम ल्याउन सकिने छ । यसरी इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरूले रकम संकलन र भुक्तानी गर्दा प्रचलित व्यवस्था बमोजिम ग्राहक पहिचानका कागजातहरू लिएको हुनु पर्नेछ र त्यस्तो कारोबार सम्बन्धी विवरण संलग्न ढाँचामा मासिक रुपमा प्रत्येक महिना समाप्त भएको सात दिनभित्र यस विभागमा पेश गर्नु पर्नेछ । |
| ४ | एकीकृत इ.प्रा. परिपत्र :२४/२०७८ मा दफा १३ थप | *हाल नभएको ।* | इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था तथा विप्रेषण कम्पनीले यस बैंकबाट अनुमतिप्राप्त भुक्तानी प्रणाली सञ्चालकसँग सहकार्य गरी जारी गरेका कार्डमा समेत विद्यमान व्यवस्थाको अधीनमा रही विप्रेषण भित्र्याउन सक्नेछन् । |

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

## एकीकृत इ.प्रा. परिपत्र : २४/२०७८ को दफा ८ बमोजिमको विवरण पेश गर्ने ढाँचाः

..................(विवरण पेश गर्ने इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीको नाम, केन्द्रीय कार्यालयले एकीकृत रुपमा पेश गर्ने)

...............(महिना र साल, विक्रम सम्बत्‌मा)

| क्र.सं. | रकम पठाउनेको नाम | रकम पठाउनेको हालको ठेगाना | रकम पठाउनेको वतन (देशको नाम) | रकम प्राप्त गर्नेको नाम | रकम प्राप्त गर्नेको हालको ठेगाना | रकम प्राप्त गर्नेको वतन (देशको नाम) | रकमको प्रयोजन | प्राप्त रकमको मुद्रा (USD, EUR, JPY etc.) | प्राप्त रकम (वि.मु.मा) | वेनेफिसियरीलाई भुक्तानी गरिएको ने.रु. रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
केन्द्रीय कार्यालय